# स्थानिय आर्थिक विकास मुल्याङ्कन र योजना तर्जुमाको आधारमा उद्यमशिलता प्रवर्द्धन तथा व्यवसाय विकास सेवा कार्यक्रम संचालन गरेको प्रतिवेदन ।

## गन्यापधुरा गाउँपालिका

## गणेशपुर , डडेल्धुरा


Web

www.ganyapadhuramun.gov.np

Mail

info@ganyapadhuamun.gov.np

स्थानिय आर्थिक विकास मुल्याङ्कन र योजना तर्जुमाको आधारमा उद्यमशिलता प्रवर्द्धन तथा व्यवसाय विकास सेवा कार्यक्रम संचालन गरी हरेक वर्ष कम्तिमा यप १०० जनाको लागी स्वरोजगारी सृजना गरेको ।

नेपाल सरकार उद्योग बाणिज्य तथा आपुर्ति मन्त्रालयको आर्थिक सहयोग र गन्यापधुरा गाउँपालिकाको सहयोगमा गरिबि निवारणका लागी लघु उद्यम बिकास कार्यक्रम मेड्पा (MEDPA) अनतर्गत अति गरिब, दलित, विपन्न,१६ बर्ष देखि ४० बर्ष सम्मका बेरोजगार युवा तथा महिलाहरु लाई सिप बिकास तालिम आ/व २०७८/२०७९मा सिप बिकास तालिम गन्यापधुरा गाउँपालिका वडा न.३ मष्टामाण्डौ र वडा न.२ गणेशपुरमा सञ्चालन गरिएको थियो । स्तरोन्नती तर्फ सिप बिकास तालिम वडा न.४ कैलपालमाण्डौ र वडा न.५ रेलमा सञ्चालन गरिएको थियो । जस्मा नयाँ उद्यमी तर्फ ८५ जना र स्तरोन्नती तर्फ ५० जना गरी जम्मा १३५ जनालाई सिप बिकास तालिम प्रदान गरीएको थियो । गन्यापधुरा गाउँपालिकामा बेरोजगार युवा तथा महिला हरुलाई आत्मनिर्भर बनाउन र आर्थिक अवस्थामा केहि परिवर्तन ल्याउन र जिविको पार्जनमा परिवर्तन ल्याउन र स्वरोजगार बनाउनका निम्ती सिप बिकास तालिम प्रलान गरिएको थियो ।

| क,स | तालिमको नाम | नयाँ उद्यमी संख्या | स्तरोन्नती |
|---|---|---|---|
| १ | होजियारी तालिम वडा न,३ | २५ | |
| २ | डलकुशन तालिम वडा न,३ र २ | ३५ | |
| ३ | चुरापोते तालिम वडा न,३ | २५ | |
| ४ | मसला तालिम वडा न,५ | | १५ |
| ५ | कृषि तालिम वडा न, ५ र ४ | | ३५ |

प्र.अ. भुपेन्द्र कुमार नागी
प्रमुख प्रशासकीय अधिकृत

गन्यापधुरा गाउँपालिकामा गरिबिको रेखामुनी रहेका अतिगरिबिलाई हटाउन र आफैमा स्वोरोजगारको सिर्जना गर्न ,आत्मनिर्भर हुन ,आर्थिक स्थितिमा केहि सुधार ल्याउने, लक्ष्य राखेर नेपाल सरकारले स्थानिय तहमा कार्यक्रम लागु गरेको हो। सुखि नेपाल सम्वृद्धि नेपाल एक घर एक उद्यमी भन्ने मुल आश्य राखेर कार्यक्रमलाई निरन्तर सञ्चालन गरेको छ। नयाँ उद्यमीको सिर्जना गरेर र भईरहेका उद्यमीको स्तरोन्नती गरेर सबैलाई आत्मनिर्भर बनाउने उद्देश्य राखेको छ । गरिबि निवारणका लागी लघु उद्यम बिकास कार्यक्रम मेड्पा कार्यक्रमले धेरै राम्रो कार्य गरेको पाईन्छ ।यो कार्यक्रम एकदम राम्रो र प्रभावकारी जनक रहेको छ। यो कार्यक्रमले सबैको मन जितेको छ आशा छ यस्तै कार्यक्रम हरुले गर्दा धेरै व्यक्ती हरुले रोजगार पाएका छन्।

## प्रमाणीकरणको आधार

## पुर्व-अवस्था र वर्तमानको विश्रेषणात्मक दस्तावेज

पुर्व अवस्थामा गरिबिको रेखामुनी रहेका घरधुरीहरु को संख्या धेरै मात्रमा रहेको थियो आर्थिक अवस्थामा धेरै नाजुक अवस्था निकै रहेको थियो। व्यक्तिहरु धेरैनै वेजेरोजगार भएका थिए। पछिल्लो चरणमा नेपाल सरकारले धेरै किसिमका सिपबिकास तालिम हरुको सिर्जना गरेको र धेरै वेरोजगार व्यक्तीहरुका लागी आत्मनिर्भर बनाउने स्वरोजगार बनाउने जस्ता तालिमहरु प्रदान गरेको छ ।यस्ता कार्यले उनिहरुलाई आत्मविस्वासको विकास गर्न सहयोग पुराउनुका साथै उनीहरुलाई स्वावलम्बी बनाउन पनि मद्दत पुर्याउँछ ।सिपबिकास तालिमले उनिहरुलाई आर्थिक रुपमा पनि धेरै परिवर्तन ल्याउन्छ साथै समाजमा पनि धेरै फरक ल्याउने

दिलिप कुमार तामाङ
प्रमुख प्रशासकीय अधिकृत

गर्दछ ।आफ्नो व्यवसाय आफै सुरु गर्न चाहने सम्भाव्य युवा तथा महिला जो न्युन आयस्तरका बर्ग पर्दछन् र आय मुलक ,स्वरोजगार तथा लघु व्यवसाय सुरु गर्न ईच्छुक छन् ।ग्रामिण क्षेत्रमा बसोवास भएका व्यक्ती हरुलाई पनि यस उद्यमशिलता तालिममा सिपबिकास तालिम प्रदान गरी उनीहरुको जिविकोपार्जनमा सेवा पुगाउन ठुलो भुमिका खेल्छ ।पुर्व अवस्था भन्दा वर्तमानको अवस्थामा धेरै परिवर्तन आएको पाईएको छ।पुर्वको तुलनामा भन्दा वर्तमानको अवस्थामा गरिबि निवारणका लागी लघु उद्यम बिकास कार्यक्रम धेरैको जिवनमा परिवर्तन ल्याएको देखिएको छ ।यस कार्यक्रमले गरिबिको रेखामुनी रहेका व्यक्ती हरु वेरोजगार भएर बसेका महिला तथा पुरुष लाई सिपबिकास तालिम प्रदान गरेर उनिहरुलाई आर्थिक अवस्था र जिविकोपार्जन ठुलो योगदान पुर्याएको छ ।उनिहरु लाई जिवनस्तरमा पनि परिवर्तन ल्याएको छ स्थानिय स्तरमा सानो लघु उद्योगको सञ्चालन गरेर आर्थिक रुपमा केहि परिवर्तन भएको छ सिपबिकास तालिम प्राप्तगरेर जिवनस्तरमा परिवर्तन ल्याए छ । साथै पुर्व अवस्था र वर्तमानको विश्लेषणात्मक अवस्थालई एकमुष्ट टेवल मार्फत हेर्दा तपसिल अनुसार रहेको देखिन्छ ।

| क,स | तालिमको नाम | आ.व. २०७८।०७९ को उद्यमि रोजगारी प्रदान गरिएको संख्या | स्तरोन्नती | आ.व. २०७९।०८० को उद्यमि रोजगारी प्रदान गरिएको संख्या | स्तरोन्नती |
|---|---|---|---|---|---|
| १ | होजियारी तालिम | २५ | | | |
| २ | डलकुशन तालिम | ३५ | | | |
| ३ | चुरापोते तालिम | २५ | | | |
| ४ | मसला तालिम | | १५ | | |
| ५ | कृषि उत्पादन तालिम | | ३५ | | |

दिलिप कुमार तोषाङ्ग
प्रमुख प्रशासकीय अधिकृत

| | | | | | |
|---|---|---|---|---|---|
| ६ | सावुन वनाउने तालिम | | | २० | |
| ७ | आलु चिप्स वनाउने तालिम | | | २० | |
| ८ | वेमैसमि तरकारी उत्पादन | | | ४० | |
| ९ | डल कुसन र होजियारी | | | | ४० |

यस विश्लेषणात्मक अवस्थालाई हेर्दा आ.व. २०७८।०७९ मा जम्मा रोजगारी सिर्जना गरिएको संख्या १३५ रहेको र आ.व. २०७९।०८० मा रोजगारी सिर्जना गरिएको जम्मा संख्या १२० रहेको छ।

## रोजगारी प्रतिवेदन

उद्यमसिलता विकास तालिम लघु उद्यम विकास (मेड) मोडेल सम्भाव्य बजार उद्यमीहरुको माग र उद्यम विकासको सम्भावनाको आधारमा उद्यम विकास गरिने अवधारणामा आधारित छ ।यस मोडेल अनुसार कुनै पनि क्षेत्रमा उद्यम विकास गर्नका लागी तीन वटा पक्षहरुको विश्रेषण गरिनु पर्छ जस अन्तर्गत लक्षित समुहको चाहना उनीहरुको चाहना बमोजीमको उद्यमको लागी आवश्यक स्रोत स्थानिय स्तरमै उपलब्धता र सम्भाबित उद्यमबाट उत्पादन हुने वस्तुको बजारको सम्भाव्यता पर्दछन् । यस अवधारणामा मुख्य गरी बजार मागको अवस्थालाई विश्रेषण गरी बजारको सुनिश्रतताको आधारमा मात्र यद्यम विकासको लागी थप प्रक्रियाहरु प्रदान गरिन्छ। उद्यम विकासका लागी उद्यमीहरुको माग ,बजार सम्भाव्यता,कच्चा पदार्थमा आधारित रहेर उद्यम बिकासको सम्भाव्यता हेंरर मात्र उद्यम विकासको कार्यक्रमहरु शुरु गरिन्छ।

## उद्यम विकासको कार्यक्षेत्र

बजार माग स्थानिय,राष्ट्रिय,अन्तराष्ट्रिय

दिलिप कुमार तामाङ
प्रमुख प्रशासकीय अधिकृत

Market Demand Local National and International
उद्यम विकासको सम्भाव्यता
Enterprise Development Personal
लक्षित समुहको चाहना तथा माग
Target Groups Needs and Demands Identification

उद्यमीहरुको सिर्जना र विकास कसरी गर्न भन्ने हालसम्मको सिकाई ,अनुभव र सफलतापुर्वक गरिएको प्रयासबाट उद्यमीहरुलाई एकीकृत सेवा अवधारणा अन्तर्गत सहयोग गरी दिगो उद्यम विकास गर्न सकिन्छ भन्ने प्रमाणित भएको छ। यस अवधारणा अन्तर्गत विगतको अनुभवबाट प्रमाणित भैसकेका प्रक्रियाहरु जस्तै उद्यम विकासका लागी सामाजिक परिचालन,उद्यमशिलता

विकास,सिपमुलक तालिम,वित्तमा पहुचँ,उपयुक्त प्रविधि,बजारीकरण,व्यवसायिक परामर्श र उद्यमको स्तरोन्नतीका साथै उद्यम विकासका लागी नितिगत बातावरण निर्माणमा निरन्तर जोड दिनु पर्नैछ।

## लघु उद्यम विकासको मोडेलको प्रारुप

१. उद्यम विकासका लागी सामाजिक परिचालन
२. उद्यमशिलता विकास
३. प्राविधिक सिप विकास
४. लघुवित्तमा पहुँच
५ .उपयुक्त प्रविधिमा पहुँच
६. वस्तु र सेवा बजारिकरण तथा व्यवसाय परामर्श

उद्यम विकासका लागी सामाजिक परिचालन ; उद्यम गर्न ईच्छुक समुदायलाई उद्यमी समुहमा आवद्धता गराई उद्यमसँग सम्बन्धित पक्षहरुको बारेमा छलफल गर्न उद्यम स्थापनाको

दिलिप कुमार तामाङ
प्रमुख प्रशासकीय अधिकृत

लागी उत्प्रेरित तथा नेतृत्व विकास गर्नै कार्य गरिन्छ ।यसका अतिरिक्त उद्यम विकासका लागी सम्भाव्य स्रोतहरुको विश्रेषण गर्नै सम्भावित उद्यमीहरु छनौट गर्ने तथा बजारका सम्भावनाका क्षेत्रहरुको पहिचान गर्नै जस्ता कार्यहरु समेत गरिन्छ ।

उद्यमशीलता विकास; सम्भावित उद्यमिहरुको छनौट पश्चात उनीहरुहाई उद्यम गर्न का लागी तत्परता,ल्याउन, जोखिम लिन,उद्यमशील सोच विकास गर्न,उद्यम गर्नका लागि उत्प्रेण गराउने लगायत व्यवसायलाई शुरु तथा सञ्चालन गर्नका गर्नका लागी व्यवसायिक सिप समेत प्रदान गरिन्छ ।उद्यमशीलता विकासका लागी अन्तराष्टिय श्रम सङ्गठनले तयार गरेको उद्यमशिलता विकास प्याकेज सम्बन्धि {आफ्नो व्यवसाय शुरु तथा सुधार गर्नुहोस }(Start and Improve Your Business SIYB)तालिम प्रदान गरिन्छ ।

TOPE ; Training of Potential Entrepreneurs
TOSE: Training of Startting Entrepreneurs
TOEE; Training of Existing Entrepreneurs
TOGE; Training of Growth Enterprise

नयाँ उद्यमी श्रृजनाका लागी TOPE र TOSE तालिम प्रदान गरिन्छ । तालिमको अन्त्यमा सहभागीहरु उद्यम गर्नको लागी तयार भई उद्यमको छनौट गरी त्यसको शुरुवात तथा व्यवस्थापन गर्नको लागी प्रशिक्षित हुन्छन् ।साथै छनौट गरेको उद्यमको व्यावसायिक योजना समेत तयार गरिन्छ जस्मा उद्यमको बजारको सम्भावना ,बजार योजना,उत्पादन योजना<खर्च ,कुल पुँजीको यकिन र यसको स्रोतको व्यवस्थापन तथा उद्यमको नाफा नोक्सानको विश्रेषण गरिन्छ ।

प्राविधिक सिप विकास तालिम ; सम्भावित उद्यमीले उद्यमशीलता विकास तालिम पश्चात उद्यमको ,आवश्यक कच्चा पदार्थको लेखाजोखा ,व्यावसायिक योजनाको निर्माण र उद्यम गर्न चाहने पुँजीको कसरी व्यवस्थापन गर्न भन्ने सोचको विकास पश्चात मात्र प्राविधिक सिप विकासको तालिम प्रदान गरिन्छ ।व्यवसायिक योजनाको आधारमा छनौट भएका उद्यमको

दिलिप कुमार तामाङ
प्रमुख प्रशासकीय अधिकृत

लागी चाहिने आवश्यक प्राविधिक सिप विकास प्रदान गरिन्छ । नतिजामुलक सिप विकास तालिम प्रदान गरिने हुदाँ तालिम पश्चात उद्यमीहरुमा गुणस्तरीय वस्तु तथा सेवाहरु उत्पादन गर्न सक्ने प्राविधिक सिप क्षमताको विकास हुन्छ ।

वित्तमा पहुँच; व्यवसायिक योजनाको आधारमा आवश्यक कुल पुँजीका लागी स्वलगानी तथा ऋणको समेत आवश्यक्ता हुन्छ । उद्यमशिलता विकास भनेको व्यवसायिक जोखिम समेत लिन सक्ने क्षमता हुने भएकोले उद्यमीहरु ऋण प्राप्त गर्न इच्छुक हुन्छन् । यसका लागी वित्तिय सेवा प्रदानहरु सँग समन्वय गराई ऋणको व्यवस्थापन गर्न सहजिकरण गरिन्छ उद्यमशिलता विकासको तालिम दिँदा नै उद्यमीहरुलाई व्यवसाय सञ्चालन गर्न ऋण लिनु पर्छ र वस्तु वा सेवा उत्पादन गरेर ऋण तिर्नै वा नाफा आर्जन गर्न कुरामा उत्प्रेरणा गरिएको हुन्छ ।

उपयुक्त प्रविधिमा पहुँच; उपयुक्त प्रविधिमा पहुँचले उत्पादकत्वमा वृद्धि गर्नु ,प्रतिसप्रधिहरुको वस्तुसँग गुणात्मक रुपमा प्रतिष्पर्धा गर्न तथा उत्पादन लागतमा कमी ल्याउने गर्दछ ।तसर्थ उद्यमको प्रकृतिको आधारमा उद्यमीहरुलाई उपयुक्त प्रविधिहरुको बारेमा जानकारी पहुँच तथा त्यस्को सञ्चालनका लागी सहजिकरण गरिन्छ । प्रविधिहरु लागत साझेदारीमा हस्तान्तरण गरिन्छ । सरकारी अनुलानको उचित प्रयोगको लागी उपयुक्त प्रविधिमा लगानी गर्न सकिन्छ ।

बजारिकरण तथा व्यावसायिक परामर्श; उद्यमीले उत्पादन सुरु गरे पश्चात उत्पादित वस्तुको बजारीकरण गर्नु सबै भन्दा महत्वपुर्ण पक्ष हो यस्का लागी उत्पादित वस्तुहरुको Buy Back Guarantee Business to Business linkage गर्न लगाएत बजार प्रवर्द्धनका लागी Greading Packaging Labeling जस्ता क्रियाकलापहरुमा समेत सहजिकरण गरिन्छ ।

उल्लेखित ६वटा चरणहरुमा एकिकृत र क्रमबद्ध सेवा प्रवाह गरे पश्चात उद्यमशिलताको क्षमता विकास गरि म्भाव्य लघु उद्यमीहरुलाई उद्यमीहरुको रुपमा तयार गर्न सकिने मान्यता नै यस लघु उद्यम विकास (मेड )मोडेलको सिद्धान्त हो । नयाँ सिर्जना भएका उद्यमीहरुलाई उद्यमको शुरुवात पश्चात निरन्तररुपमा अनुगमन गरी त्यसको आधारमा आवश्यक परामर्श तथा अन्य

दिलिप कुमार तामाङ
प्रमुख प्रशासकीय अधिकृत

सेवाहरु प्रदान गर्दै उद्यमलाई स्तरोन्नती गरी दिगोपनको अवस्थामा पुर्याउनु समेत यस मोडेलको विशेषता रहेको छ।

श्री

आज मिति २०७८ साल भाद्र ०१ गते मंगलबारका बिहान ९:०० बजेको समयमा गन्यापधुरा गाउँपालिकाका अध्यक्ष तथा उद्यम विकास समितिका संयोजकको अध्यक्षतामा बसेको बैठकमा तपसिलका पदाधिकारीको उपस्थितिमा बसी देहायबमोजिमका निर्णय पारित गरियो।

उपस्थिति

| | | |
|---|---|---|
| श्री नवल बहादुर मल्ल, गा.पा अध्यक्ष | - संयोजक |
| श्री चेतराम भट्ट, वडा नं. १ अध्यक्ष | - सदस्य |
| श्री दिलिप कुमार तामाङ, प्र. प्र. अ. | - सदस्य |
| श्री प्रमिला कुमारी जुल, महिला सदस्य | - सदस्य |
| श्री मीना सार्की, महिला लघुउद्यमी | - सदस्य |
| श्री टेक प्रसाद पनेरु | - सदस्य |
| श्री मीन बहादुर विष्ट | - सदस्य-सचिव |

आमन्त्रित

श्री लाल बहादुर खड्का, उद्यम विकास सहजकर्ता
श्री यशोदा कार्की, उद्यम विकास सहजकर्ता

प्रस्तावहरु:

१. आ.व. २०७८/०७९ को लागि बजेट सम्बन्धमा
२. गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रमको आ.व. २०७८/०७९ को लागि प्राप्त बजेट वर्गीकरण तथा कार्यक्रमको स्वीकृति सम्बन्धमा।

निर्णयहरु

निर्णय नं. १

प्रस्तुत प्रस्ताव नं. १ माथि आवश्यक छलफल गर्दा आ.व. २०७८/०७९ को लागि गरिबी निवारण अन्तर्गतको नेपाल सरकारको लघु उद्यम विकास कार्यक्रमको लागि नयाँ उद्यमी सिर्जना तर्फ कुल रु जम्मा बजेट प्राप्त भएकाले सो कार्यक्रम –

दिलिप कुमार तामाङ
प्रमुख प्रशासकीय अधिकृत

लागि यस गाउँपालिकाको वडा नं. ४ ८ ७ लाई छनौट गर्ने निर्णय गरियो। साथै यसरी छनौट गरिएका वडालाई गाउँकार्यपालिकामा स्वीकृतिका लागि पठाउने निर्णय गरियो।

निर्णय नं. ४

प्रस्तुत प्रस्ताव नं. ४ माथि आवश्यक छलफल गर्दा गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम अन्तर्गत आ.व. २०७८/०७९ का लागि नेपाल सरकारबाट प्राप्त शसर्त बजेट रकम रु. ४१,५५,५५०/- को बजेट तथा कार्यक्रमलाई देहायबमोजिम कार्यक्रमलाई स्वीकृत गर्ने निर्णय गरियो।

गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (MEDPA)

आ. व. २०७८।०७९ का लागि बजेट तथा कार्यक्रम

गन्यापधुरा गाउँपालिका, गणेशपुर, डडेल्धुरा

| क्र. सं. | क्रियाकलापहरु | संख्या | समय चौमासिक | | | प्रतिशत | जम्मा रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| क | नयाँ उद्यमी सिर्जना | | प्रथम | द्वितीय | तृतीय | | २३६०००० | |
| १ | उद्यम विकासका लागि सामाजिक परिचालन | | | | | | | |
| १.१ | पिआरए सहभागितामूलक लेखाजोखा | | √ | | | ३.००% | ७०८०० | |
| १.२ | घर धुरी सर्वेक्षण सम्पन्न फाराम ए र वी | १०० | √ | | | | २५५०० | |
| १.३ | सम्भाव्य लघु उद्यमीका रुपमा सहभागीहरुको छनौट | १०० | √ | | | | | |
| १.४ | भैरहेका उद्यमीहरु सम्भाव्य उद्यमीका रुपमा पहिचान भएमा फाराम सी | २५ | √ | | | | १०६०० | |
| १.५ | बजार सर्वेक्षण सम्पन्न फाराम डी | २५ | √ | | | | | |
| १.६ | उपयुक्त प्रविधि अध्ययन सम्पन्न फाराम ई | २५ | √ | | | | | |
| १.७ | स्रोत सम्भाव्यता अध्ययन फाराम एफ | २५ | √ | | | | | |
| १.८ | वातावरण परीक्षण सम्पन्नलघु फाराम जी | २५ | √ | | | | | |
| १.९ | लघु उद्यमीको समूह गठन तथा परिचालन | | | | | | | |
| २ | उद्यमशिलता विकास तालिम | | | | | | ३४७०० | |
| | | | | | | ८.००% | १८८८०० | |
| २.१ | उद्यमशिलता विकास तालिम सञ्चालन Tope Tose र लैङ्गिक सचेतना र SYIB तालिमको टुल किट | | √ | √ | | | | |
| २.२ | व्यवसायिक योजना तयार गरिने संख्या | ४ | √ | √ | | | २१२४०० | |
| २.३ | उद्यम व्यवसाय छनौट | | √ | √ | | | | |
| ३ | प्राविधिक सीपमूलक तालिम प्रदान | | | √ | √ | ३०.००% | ७०८००० | |
| ३.१ | व्यवसायिक योजनाको आधारमा छनौट भएका उद्यमको आधारमा सीपमूलक तालिम | | | √ | √ | | | |

दिलिप कुमार तामाङ
प्रमुख प्रशासकीय अधिकृत

लागि यस गाउँपालिकाको वडा नं. ४ ८ ७ लाई छनौट गर्ने निर्णय गरियो। साथै यसरी छनौट गरिएको वडालाई गाउँकार्यपालिकामा स्वीकृतिका लागि पठाउने निर्णय गरियो।

निर्णय नं. ४

प्रस्तुत प्रस्ताव नं. ४ माथि आवश्यक छलफल गर्दा गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम अन्तर्गत आ.व. २०७८/०७९ का लागि नेपाल सरकारबाट प्राप्त शसर्त बजेट रकम रु. ४१,००,०००।- को बजेट तथा कार्यक्रमलाई देहायबमोजिम कार्यक्रमलाई स्वीकृत गर्ने निर्णय गरियो।

गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (MEDPA)

आ. व. २०७८।०७९ का लागि बजेट तथा कार्यक्रम

गन्यापधुरा गाउँपालिका, गणेशपुर, डडेल्धुरा

| क्र. सं. | क्रियाकलापहरु | संख्या | समय चौमासिक | | | प्रतिशत | जम्मा रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| क | नयाँ उद्यमी सिर्जना | | प्रथम | द्वितीय | तृतीय | | २३६०००० | |
| १ | उद्यम विकासका लागि सामाजिक परिचालन | | | | | ३.००% | ७०८०० | |
| १.१ | पिआरए सहभागितामूलक लेखाजोखा | | √ | | | | २५५०० | |
| १.२ | घर धुरी सर्वेक्षण सम्पन्न फाराम ए र वी | १०० | √ | | | | | |
| १.३ | सम्भाव्य लघु उद्यमीका रुपमा सहभागीहरुको छनौट | १०० | √ | | | | १०६०० | |
| १.४ | भैरहेका उद्यमीहरु सम्भाव्य उद्यमीका रुपमा पहिचान भएमा फाराम सी | २५ | √ | | | | | |
| १.५ | बजार सर्वेक्षण सम्पन्न फाराम डी | २५ | √ | | | | | |
| १.६ | उपयुक्त प्रविधि अध्ययन सम्पन्न फाराम ई | २५ | √ | | | | | |
| १.७ | स्रोत सम्भाव्यता अध्ययन फाराम एफ | २५ | √ | | | | | |
| १.८ | वातावरण परीक्षण सम्पन्नलघु फाराम जी | २५ | √ | | | | | |
| १.९ | लघु उद्यमीको समूह गठन तथा परिचालन | | | | | | | |
| २ | उद्यमशिलता विकास तालिम | | | | | | ३४७०० | |
| | | | | | | ८.००% | १८८८०० | |
| २.१ | उद्यमशिलता विकास तालिम सञ्चालन Tope Tose र लैङ्गिक सचेतना र SYIB तालिमको टुल किट | | √ | √ | | | | |
| २.२ | व्यवसायिक योजना तयार गरिने संख्या | ४ | √ | √ | | | २१२४०० | |
| २.३ | उद्यम व्यवसाय छनौट | | √ | √ | | | | |
| ३ | प्राविधिक सीपमूलक तालिम प्रदान | | | √ | √ | ३०.००% | ७०८००० | |
| ३.१ | व्यवसायिक योजनाको आधारमा छनौट भएका उद्यमको आधारमा सीपमूलक तालिम | | | √ | √ | | | |

दिलिप कुमार तामाङ
प्रमुख प्रशासकीय अधिकृत

गरिवि निवारणका लागि लघु उद्यम विकास कार्यक्रम मेहुपाको आ.व. २०७९।०८० को वार्षिक प्रगति प्रतिवेदन

| क्र.स. | कार्यक्रम | वजेट | कार्य प्रगति | | | आर्थिक प्रगति | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | उद्यमि तयार लक्ष्य | उद्यमि तयार प्रगति | प्रगति प्रतिशत | खर्च रकम | खर्च प्रतिशत | कुल प्रगति प्रतिशत |
| | **नयाँ उद्यमि तर्फ** | | | | | | | |
| १ | उद्यम विकासका लागि सामाजिक परिचालन | ७०८०६ | | | | ७०८०० | | |
| २ | उद्यमसिलता विकास तालिम | १८८८०० | | | | १७८५०० | | |
| ३ | लघु कर्जामा पहुँच | ७०८०० | | | | ६९५०० | | |
| ४ | उपयुक्त प्रविधि पहुच तथा हस्तान्तरण | ३५४००० | | | | २१९५०० | | |
| ५ | वजार सम्वन्धन विकास | ७०८०० | | | | ७०००० | | |
| ६ | अन्य | ११०८०० | | | | १०८००० | | |
| ७ | जम्मा | ८६६००० | | | | ७१६३०० | | |
| | **सिप विकास तर्फ** | | | | | | | |
| १ | साबुन वनाउने सिप विकास तालिम | १५७४०० | २० | २० | १०० | १५७४०० | | |
| २ | आलु चिप्स सिप विकास तालिम | ३५९००० | २० | २० | १०० | ३५९००० | | |
| ३ | वेमौसमि तरकारी सिप विकास तालिम | १९१६०० | ४० | ४० | १०० | १९१६०० | | |
| ४ | जम्मा | ७०८००० | | | | ७०८००० | | |
| | **स्तरोन्नति तर्फ** | | | | | | | |
| १ | चप्पल वनाउने सिप विकास तालिम | १६०८०० | १७ | १७ | १०० | १५८५०० | | |
| २ | होजियारी | १०८१५० | १३ | १३ | १०० | १०७००० | | |
| ३ | डल कुसन | १९१०५० | २४ | २४ | १०० | १९०००० | | |
| ४ | जम्मा | ४६०००० | | | | ४५५५०० | | |
| | **प्रविधि हस्तान्तरण** | | | | | | | |
| १ | होजियारी हेन्डफल्याट, अम्रेला सिलाई मेसिन | १४०००० | | | | १३६२०० | | |
| २ | जम्मा | | | | | १३६२०० | | |
| | **सुविधा केन्द्र** | | | | | | | |
| १ | साझा सुविधा केन्द्र (C.F.C.) | ५००००० | | | | ५००००० | | |
| २ | जम्मा | ५००००० | | | | ५००००० | | |
| | **प्रशासनिक तर्फ** | | | | | | | |
| १ | विविध | १००००० | | | | ४०००० | | |
| २ | तलव सुविधा | ८२६००० | | | | ५९५००० | | |
| ३ | जम्मा | ९२६००० | | | | ६३५००० | | |
| ४ | कुल जम्मा | ३६००००० | | | | ३१५१००० | | ८८ |

यशोदा कार्की
उद्यम विकास सहजकर्ता
तयार गर्ने

मीन बहादुर विष्ट
प्रशासकीय अधिकृत
प्रमाणीत गर्ने

मीन बहादुर विष्ट
प्रशासनि...

दिलिप कुमार तामाङ
प्रमुख प्रशासकीय अधिकृत








रोजगार पाएका व्यक्तिले उत्पादन गरेका डल कुसन



दिलिप कुमार तामाङ
प्रमुख प्रशासकीय अधिकृत







दिलिप कुमार तामाङ
प्रमुख प्रशासकीय अधिकृत



रि



दिलिप कुमार तामाङ
प्रमुख प्रशासकीय अधिकृत



सावुन उत्पादन



दिलिप कुमार तामाङ
प्रमुख प्रशासकीय अधिकृत




दिलिप कुमार तामाङ
प्रमुख प्रशासकीय अधिकृत

गन्यापधुरा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गणेशपुर, डडेल्धुरा
सुदुरपश्चिम प्रदेश, नेपाल

तयार गर्ने
यशोदा कार्की
उद्यम विकास सहजकर्ता

प्रमाणीत गर्ने
दिलिप कुमार तामाङ
प्रमुख प्रशासकीय अधिकृत